# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

# National Natural Resources and Fiscal Commission

प.सं. ०८१/०८२
च.नं./Ref: ६६०

मितिः २०८१/१२/२६
नेपाल संवत् ११४५ चौलाथ्व एकादशी

श्री स्थानीय सरकार,
सबै।

विषयः आन्तरिक ऋणको सीमा सिफारिस सम्वन्धमा ।

आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्वन्धमा आयोगको मिति २०८१/१२/२५ को निर्णय अनुसार गरिएको सिफारिसको छाँयाप्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८१/१२/२६

(राजन कुमार रेग्मी)
शाखा अधिकृत

बोधार्थः
श्रीमान् सचिवज्यू,
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्सः +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website:www.nnrfc.gov.np

CamScanner

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं

## आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई गरिएको सिफारिस

सिफारिस मितिः २०८१/१२/२५ गते,सोमबार

### क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट तर्जुमा तथा कार्यक्रम कार्यान्वियन, लेखाङ्कन तथा प्रतिवेदन गर्ने र लेखापरीक्षण गराउने कार्य गर्नुपर्दछ। बजेट अनुमान गर्दा अनुमानित आयभन्दा व्यय बढी हुने अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले घाटा बजेट ल्याउन सक्ने र सोको व्यवस्थापन सङ्घीय कानुन बमोजिम हुने व्यवस्था छ। घाटा बजेट पेश गर्दा तीनै तहका सरकारले घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा रहेको छ। संविधानतः तीनै तहका सरकारले बजेट घाटा पूर्तिका लागि कानुनबमोजिम ऋण लिन सक्छन्।

घाटा बजेट पूर्तिको एक महत्वपूर्ण स्रोतको रूपमा सार्वजनिक ऋणलाई लिइन्छ। सार्वजनिक ऋण अन्तरगत देशभित्रबाट संकलन गरिने आन्तरिक ऋण र वैदेशिक स्रोतबाट प्राप्त गरिने बाह्य ऋण पर्दछ। समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने संवैधानिक व्यवस्था रहेको छ। उल्लिखित व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा यस आयोगबाट निर्धारण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारसमक्ष सिफारिस गरिएको छ।

### ख. कानुनी व्यवस्था

सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्:

**१. नेपालको संविधानः** धारा ५९ को उपधारा (१) र उपधारा (७), धारा ११५ को उपधारा (२), धारा २०३ को उपधारा (२), धारा २२८ को उपधारा (१), धारा २३० को उपधारा (१) र उपधारा (२), धारा २५१ को उपधारा (१) को खण्ड (च) ।



सदस्य

प्राकृतिक स्रोत तथा ... सिंहदरबार, काठमाडौं

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४: दफा १४ को उपदफा (१),(२),(३) र (४), दफा १५को उपदफा (१),(२),(३),(४) र (५) दफा २३को उपदफा (१),(२),(३) र (४) ।

३. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९: दफा ५ को उपदफा (२),दफा ६ को उपदफा (१),दफा १४ को उपदफा (४) ।

ग. सार्वजनिक ऋण सम्बन्धी अध्ययन विश्लेषण

अ. आन्तरिक ऋण परिचालन सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यासहरु

- भारतको वित्तीय उत्तरदायित्व तथा बजेट व्यवस्थापन ऐन, २००३ को दफा ४ मा आर्थिक वर्ष २०२४/२५ सम्ममा कुल गार्हस्थ उत्पादन (कु.गा.उ.) को ६० प्रतिशतको सीमाभित्र कुल सार्वजनिक ऋणलाई सीमित गर्ने व्यवस्था रहेको छ। जसमध्ये संघ सरकारलाई ४० प्रतिशतको एवं राज्य सरकार र ग्राम तथा नगर पञ्चायतलाई २० प्रतिशतको सीमा तोकिएको छ।
- भारतको पन्ध्रौ वित्तीय आयोगको प्रतिवेदनले सङ्घीय र राज्य सरकार तथा स्थानीय तहलाई बजेट घाटाको सीमा सिफारिस गरेको छ। जस अनुसार सङ्घीय सरकारले आर्थिक वर्ष २०२५/२६ सम्ममा कुल घाटा बजेटलाई कुल गार्हस्थ उत्पादनको ४ प्रतिशतमा सीमित गर्नुपर्ने उल्लेख छ। राज्य सरकारहरुले कुल बजेट घाटालाई आर्थिक वर्ष २०२१/२२ मा राज्यको कुल गार्हस्थ उत्पादनको अधिकतम ४ प्रतिशत, २०२२/२३ मा अधिकतम ३.५ प्रतिशत र २०२३/२४ देखि २०२५/२६ सम्ममा अधिकतम ३ प्रतिशतमा सीमित गर्नुपर्ने तथा राज्य सरकारहरुले उर्जा क्षेत्रमा कार्यसम्पादनका आधारमा राज्यको कुल गार्हस्थ उत्पादनको अधिकतम ०.५ प्रतिशत थप सार्वजनिक ऋण परिचालन गर्न सक्ने गरी सिफारिस भएको छ। साथै, कुनै एक आर्थिक वर्षमा तोकिएको सीमाभन्दा कम ऋण परिचालन गरेको राज्य सरकारले सिफारिस गरिएको अवधिको पछिल्ला वर्षहरुमा उक्त बाँकी सीमा समेत परिचालन गर्न सक्ने उल्लेख छ।
- अमेरिका, क्यानडा, अष्ट्रेलिया र भारतका केही राज्य सरकारहरुले सङ्घीय सरकारको स्वीकृति नलिइकन आन्तरिक ऋण परिचालन गर्दै आएका छन्। भारतमा स्थानीय तहले राज्य सरकारको स्वीकृतिमा आन्तरिक ऋण परिचालन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। इथियोपियामा सङ्घीय सरकारले राज्य सरकारको वित्तीय क्षमताको पर्यवेक्षण गरी आन्तरिक ऋण परिचालनको अनुमति दिने गरेको छ।
- नाइजेरियाको वित्तीय उत्तरदायित्व ऐन, २००७ को दफा ४१ मा पुँजीगत खर्च र मानव विकासका लागि मात्र सार्वजनिक ऋण परिचालन गर्न सकिने व्यवस्था छ। सोही ऐनको दफा १२ मा विशेष अवस्थामा बाहेक बार्षिक रुपमा कुल गार्हस्थ उत्पादनको ३ प्रतिशतमात्र घाटा बजेट पेश गर्न सकिने उल्लेख छ।
- दक्षिण अफ्रिकामा पुँजीगत खर्चको लागि बहुवर्षीय ऋण तथा नियमित खर्चको लागि बार्षिक ऋण लिन पाइने व्यवस्था रहेको छ। प्रदेशहरुलाई ऋण लिनको लागि ऋण परामर्श समिति (Loan Consultation Committee)ले साँवा र ब्याज तिर्न सक्ने क्षमताको आधारमा स्वीकृति दिने गर्दछ ।

सदस्य

मा. ... बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

सिंहदरबार, काठ

- International Monetory Fund (IMF) र International Development Agency (IDA) ले सन् २००५ मा अध्ययन गरी न्यून आय भएका देशहरुको ऋण दिगोपना ढाँचा (Debt Sustainability Framework) निर्धारण गरेका थिए। जस अनुसार कुल गार्हस्थ उत्पादन, निर्यात व्यापार, राजस्वको अवस्था, वित्तीय व्यवस्था खर्च र कुल सार्वजनिक ऋणको हिस्सालाई सार्वजनिक ऋणको दिगोपना अध्ययनको प्रमुख सूचकका रुपमा लिइएको पाइन्छ।

**आ. नेपालको सार्वजनिक ऋणको दिगोपना सम्बन्धमा भएका अध्ययन प्रतिवेदनका प्रमुख विषयहरु**

- विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको डेव्ट सस्टेनेविलिटी एनालाइसिस सम्बन्धी संयुक्त अध्ययन प्रतिवेदन, २०२० अनुसार नेपालको बाह्य ऋण र समग्र ऋण जोखिम न्यून रहेको छ। यद्यपी आर्थिक वृद्धि र निर्यातका सूचकहरु कमजोर रहेकाले भावी जोखिमलाई संकेत गरेको छ। नेपालमा बढ्दो वित्त घाटा र चालु खाता घाटाको अवस्थाले आगामी दिनमा सार्वजनिक ऋण झनै बढ्ने देखिन्छ।
- IMF र IDA ले सन् २०२३ मा गरेको अध्ययनका अनुसार नेपालमा कुल गार्हस्थ उत्पादन र निर्यातको अनुपात तुलनात्मक रुपमा न्यून रहेको तथा ऋणात्मक नगद सन्तुलन (Negative cash balance) को अवस्था देखिएको बाहेकका अन्य सूचकहरुमा नेपालको अवस्था राम्रो रहेकोले सार्वजनिक ऋण तनाव (Debt Stress) मा नरहेको निष्कर्ष निकालिएको छ। नेपाल सरकारको संभावित दायित्व विश्लेषण अन्तरगत नेपाल सरकारले सार्वजनिक संस्थानमा गरेको लगानी, सार्वजनिक निजी साझेदारीका परियोजनामा गरेको लगानी र वैदेशिक निजी ऋण लगानी समेत सुरक्षित सीमाभित्र रहेको उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ।
- आयोगले आर्थिक वर्ष २०७७/७८ मा गरेको अध्ययनमा आर्थिक वृद्धिदर, कुल राष्ट्रिय उत्पादन, बचत, लगानी र रोजगारी, सरकारी राजस्व र खर्च, उपभोक्ता मूल्यसूची, भुक्तानी सन्तुलन र विप्रेषणका अतिरिक्त मानव विकास सूचकांकलाई समेत आन्तरिक ऋणको सीमा सिफारिसमा विश्लेषणका लागि उपयुक्त हुने सूचकमा समावेश गरिएको छ। साथै, कुल आन्तरिक ऋणको सीमा निश्चित अंकमा नतोकी अनुमानित कुल गार्हस्थ उत्पादनको न्यूनतम ३ देखि अधिकतम ७ प्रतिशतको कोरिडोर तोक्न सकिने सुझाव समेत दिइएको छ।
- सोही प्रतिवेदनमा अधिकतम ७ प्रतिशतको सीमा मध्ये सङ्घीय सरकारलाई कुल गार्हस्थ उत्पादनको अधिकतम ६ प्रतिशतसम्म र प्रदेश तथा स्थानीय तहलाई कुल गार्हस्थ उत्पादनको क्रमशः ०.५ र ०.५ प्रतिशतसम्म अधिकतम सीमा निर्धारण गर्न सकिने सुझाव रहेको छ। साथै, प्रदेश र स्थानीय तहले बाँडफाँटबाट प्राप्त गरेको र आन्तरिक रुपमा संकलन गरेको कुल राजस्व योगफलको अधिकतम १५ प्रतिशतसम्म वार्षिक आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी सीमा निर्धारण गर्न सकिने समेत सुझाव गरिएको छ।

सदस्य

मा. युद्ध बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

- आर्थिक वर्ष २०८०/८१ सम्म नेपाल सरकारको विद्यमान सार्वजनिक ऋण मध्ये बाह्य ऋण रु.१२ खर्ब ५३ अर्ब १९ करोड र आन्तरिक ऋण रु. ११ खर्ब ८० अर्ब ९० करोड २० लाख गरी जम्मा रु २४ खर्ब ३४ अर्ब ९ करोड पुगेको छ ।कुल ग्राहस्थ उत्पादनको अनुपातमा सार्वजनिक ऋण आर्थिक वर्ष २०८०/८१को अन्त्यमा ४२.६७ प्रतिशत रहेको, जुन विश्व बैंकले गरेको अनुमान ४२.५० को हाराहारीमा नै रहेको देखिन्छ ।विश्व बैंक र अन्तरास्ट्रिय मुद्र कोषले गरेको ऋणको दिगोपना बिश्लेष्ण जुन, २०२४अनुसार नेपालको सार्वजनिक ऋणमा बाह्य ऋण र आन्तरिक ऋणको परिमाण जोखिम रहित रहेको विश्लेष्ण गरेको छ ।

इ. समष्टिगत आर्थिक सूचक र मुख्य ऋण परिचालन मानक विश्लेषण

| विवरण | माणक |
|---|---|
| सार्वजनिक ऋण को कुल ग्राहस्थ उत्पादन संगको अनुपात (स्रोतःIMFको guideline अनुसार) | कुल ग्राहस्थ उत्पादनसँग ६० प्रतिशतको सीमा भित्र |
| बजेट Fiscal deficit Targetting (स्रोतःMaastritch treaty Guideline) | कुल ग्राहस्थ उत्पादनको ३ प्रतिशतको सीमा भित्र |
| बैदेशिक ऋण व्यवस्थापन | कुल ग्राहस्थ उत्पादनको ४०%सीमा भित्र |
| बैदेशिक ऋण सेवा (ब्याज+सौँवा भुक्तानी) (स्रोतः WB/ IMF) | निर्यात आम्दानीको २० %को सीमा भित्र |
| ब्याज दर र मुद्रा स्फिती | न्यून व्याजदर संग ऋण पंक्तिवद्ध(Align) गर्ने |
| ऋण सेवा अनुपात | राजस्वको ४०%को सीमा भित्र |
| कुल ग्राहस्थ उत्पादन संग सार्वजनिक पुँजी निर्माण खर्च अनुपात (स्रोतः WB,OECD) | कुल ग्राहस्थ उत्पादनसँग कम्तिमा पुँजीगत खर्चको विनियोजन ३-५ प्रतिशत |

- सार्वजनिक ऋणको सन्दर्भमा International Monetory Fund (IMF)ले अन्तराष्ट्रिय मानकको रूपमा सार्वजनिक ऋणको कुल ग्राहस्थ उत्पादन संगको अनुपात ६० प्रतिशत भन्दा कम हुनु पर्ने निर्दिष्ट गरेको छ जसले ऋणको चाप न्यून रहने तथा लगानीकर्ताको आत्मा विश्वास बढाउने गर्दछ ।
- घाटा बजेटको अनुपात कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत देखि ३ प्रतिशतको सीमा भित्र राख्दा मुल्य स्फिती नियन्त्रण हुने तथा ब्याजदरलाई बन्छित सीमा भित्र राख्न सकिने Maastritch treaty Guideline ले निर्दिष्ट गरेको छ ।
- बैदेशिक ऋणको अनुपात कुलग्राहस्थ उत्पादनको ४० प्रतिशतको सीमा भित्र हुनु पर्दछ ।
- बैदेशिक ऋण सेवा अर्थात् बैदेशिक ऋणको सौँवा र व्याज भुक्तानी निर्यात आम्दानीको २० प्रतिशतको सीमा भित्र राखु पर्दछ ।
- सार्वजनिक ऋणको व्याजदर ब्याजको न्यूनदरसँग पंक्तिवद्ध(Align) हुनु पर्दछ जसले मुल्य स्फितिलाई नियन्त्रण गर्न सघाउ पुर्याउदछ ।



मा. बुद्ध बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

- सार्वजनीक ऋणको ऋण सेवा खर्च कुल राजस्वको ४० प्रतिशतको सीमा भित्र राख्नु पर्दछ जसले ऋण भुक्तानी तथा पुँजी परिचालनको क्षमता बलियो रहेको विषय दर्शाउँछ ।
- World bank(WB) तथा Organization for Economic coperation and development (OECD) अनुसार सार्वजनिक पुँजी निर्माणको लागि विनियोजित पुँजीगत खर्च कुल ग्राहस्थ उत्पादनको ३ प्रतिशत देखि ५ प्रतिशत सम्म हुनु पर्ने निर्दिष्ट गरेको छ ।
- उल्लिखित निर्दिष्ट समष्टिगत आर्थिक सूचकहरू तोकिएको सीमा भित्र राख्दा समग्र वित्त व्यवस्थापनमा ऋण चाप कम हुने, ऋण सेवा खर्च धान्न सकिने, मूल्य स्फिती तथा व्याजदरलाई बन्छित सीमा भित्र राख्न सकिने र पुँजीगत खर्चकोलागि आवश्यक बिनियोजन गर्न सकिने हुँदा उपरोक्त गाईडलाइन भित्रै बसी सार्वजनिक ऋण परिचालन गर्न आवश्यक देखिन्छ ।

**तालिका १: नेपालको आन्तरिक ऋण परिचालन सम्बन्धी विगतको अभ्यास र प्रवृत्ति विश्लेषण(रु.करोडमा)**

| आ.व | आन्तरिक ऋण निष्काशन | कुल ग्राहस्थ उत्पादन | कुल ग्राहस्थ उत्पादन संग आन्तरिक ऋणको अनुपात |
|---|---|---|---|
| २०७०/७१ | ४४०० | २२३२५२ | १.९७ |
| २०७१/७२ | ५२७५ | २४२३६३ | २.१८ |
| २०७२/७३ | ८८०० | २६०८१८ | ३.३७ |
| २०७३/७४ | ११९०० | ३०७७१४ | ३.६१ |
| २०७४/७५ | १४५०० | ३४५५९४ | ४.२० |
| २०७५/७६ | १७२०० | ३८५५९३ | ४.४६ |
| २०७६/७७ | १९५०० | ३८८८७० | ५.०१ |
| २०७७/७८ | २२५०० | ४३५२५५ | ५.१७ |
| २०७८/७९ | २५००० | ४९७६५५ | ५.०२ |
| २०७९/८० | २५६०० | ५३४८५२ | ४.७९ |
| २०८०/८१ | २४००० | ५७०५८४ | ४.२१ |
| २०८१/८२ | ३३००० | ६३७५१६ | ५.१८ |

- नेपालले आर्थिक वर्ष २०३१/३२ देखि पछिल्ला ४७ वर्षहरुमा (आर्थिक वर्ष २०३८/३९ बाहेक) अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशतको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गर्दै आएको पाइन्छ।
- आर्थिक वर्ष २०७०/७१ देखि कुल ग्राहस्थ उत्पादनसँग आन्तरिक ऋणको अनुपात ५ प्रतिशत भित्र वा हाराहारीमा रहेको देखिन्छ।

सदस्य

मा. जुध्द बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

- नेपालमा पछिल्ला वर्षहरुमा आन्तरिक ऋण उच्च मात्रामा बढिरहेको छ। नेपालमा आर्थिक वर्ष २०७०/७१ पछाडिका वर्षहरुमा आन्तरिक ऋण ८ गुणाले बढेको तर सोही अवधिमा बाह्य ऋण ३ गुणाले बढेको देखिन्छ।
- सङ्घीयता कार्यान्वयन हुनु अगाडि नेपाल सरकारले राजस्व वृद्धि, आर्थिक वृद्धि, मूल्य वृद्धि र बजेट खर्चको अनुमानित विवरणका आधारमा आन्तरिक ऋण परिचालन गर्दै आएको भएता पनि अधिकांश वर्षमा अनुमान बमोजिम आर्थिक उपलब्धि हासिल हुन सकेको देखिँदैन।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट विगत आर्थिक वर्षहरुमा देहाय बमोजिम आन्तरिक ऋणको सीमा सिफारिस भएको छ :

**तालिका २: आयोगले विगतमा सिफारिस गरेको आन्तरिक ऋणको सीमा**

| आर्थिक वर्ष | सङ्घीय सरकारलाई सीमा सिफारिस | प्रदेश र स्थानीय सरकारलाई सीमा सिफारिस |
|---|---|---|
| २०७५/७६ | आ.व. २०७५/७६ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १०/१० प्रतिशत |
| २०७६/७७ | आ.व. २०७६/७७ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १०/१० प्रतिशत |
| २०७७/७८ | आ.व. २०७७/७८ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत |
| २०७८/७९ | आ.व. २०७८/७९ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत |
| २०७९/८० | आ.व. २०७९/८० को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत |
| २०८०/८१ | तीनै तहका सरकारले परिचालन गर्ने आन्तरिक ऋण आ.व. २०८०/८१ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत |
| २०८१/८२ | आ.व. २०८१/८२ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत। राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनका लागि रकम नपुग भएमा प्रदेश र स्थानीय सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा मध्ये प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्म, कुल गार्हस्थ उत्पादनको ०.५ प्रतिशतले नबढ्ने गरी थप आन्तरिक ऋण परिचालन गर्न सक्ने। | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत |

सदस्य



मा. जुध्द बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

- नेपाल सरकारले विगतका वर्षहरुमा आयोगको सिफारिसको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गर्दै आएको देखिन्छ। तर आयोगको अधिकांश सुझाव कार्यान्वयनको अवस्था भने कमजोर रहेको छ। व्यय अनुमान तयार गर्दा खर्चको शीर्षकगत र स्रोतगत विवरणमा आन्तरिक ऋण उल्लेख गर्नुपर्ने सुझाव कार्यान्वयन भएको पाइएन। साथै, पुँजी निर्माण हुने खालका आयोजनाहरुमा ऋण परिचालन गर्नुपर्ने सुझाव समेत सरकारले वेवास्ता गरेको देखिन्छ। केही प्रदेश र स्थानीय सरकारले वार्षिक बजेटको स्रोतमा आन्तरिक ऋण समावेश गर्दै आएका भएपनि आन्तरिक ऋण संकलन र परिचालन गरेको देखिदैंन। यद्यपी स्थानीय सरकारहरुले विगत देखि नै नगर विकास कोषमार्फत ऋण लिई उपयोग गर्दै आइरहेको देखिन्छ।
- आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० सम्ममा कोरोना महामारी कायमै रहेको र अर्थतन्त्रलाई चलायमान बनाउन थप स्रोत परिचालन गर्नुपर्ने बाध्यता समेत परेको कारण तीनवटै तहका सरकारले गरी ५ प्रतिशतको सीमाभन्दा बढी अर्थात अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशतसम्म आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी आन्तरिक ऋणको सीमा सिफारिस भएको अवस्था छ।
- नेपाल सरकारले विगत छ वर्षमा परिचालन गरेको कुल र खुद आन्तरिक ऋणको अवस्था देहाय बमोजिम रहेको देखिन्छ :

**तालिका ३: आन्तरिक ऋण परिचालनको अवस्था र प्रवृत्ति**

| आर्थिक वर्ष | कू.गा.उ. रु. करोडमा | आन्तरिक ऋण रकम रु. करोडमा | | | | कु.गा.उ.को प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | कुल परिचालन | सावाँ भुक्तानी | खुद परिचालन | लक्ष्य | कुल परिचालन | खुद परिचालन |
| २०७५/७६ | ३४६४३२ | १७२०० | ९६३८.२ | ३४३१.३१ | ६२०६.८९ | ४.९६ | २.७८ | १.७९ |
| २०७६/७७ | ३७६७०४ | १९५०० | १९४९०.२९ | ३३९७.७० | १६०९२.५९ | ५.१८ | ५.१७ | ४.२७ |
| २०७७/७८ | ४२६६३२ | २२५०० | २२४००.९१ | ३६९०.११ | १८७१०.८० | ५.२७ | ५.२५ | ४.३९ |
| २०७८/७९ | ४८५१६२ | २५००० | २३१८४.५५ | ४७३३.७८ | १८४५०.७७ | ५.१५ | ४.७८ | ३.८० |
| २०७९/८० | ५३८१३३ | २५६०० | २५५९९.७७ | ११५०९.४७ | १४०९०.३ | ४.७६ | ४.७६ | २.६२ |
| २०८०/८१ | ५७०४८४ | २४००० | २३४४२.१४ | १८२६२.३३ | ५१७९.८१ | ४.२१ | ४.११ | ०.९१ |

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार कुल आन्तरिक ऋण परिचालन आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा बाहेक अन्य वर्षहरुमा आयोगले गरेको सिफारिसको सीमाभित्र रहेर नेपाल सरकारले आन्तरिक ऋण परिचालन गरेको देखिन्छ। कुल आन्तरिक ऋण परिचालनमा अधिकांश हिस्सा आन्तरिक ऋणको सावाँ फिर्तामा प्रयोग भएकोले खुद आन्तरिक ऋण परिचालन न्यून रहेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा कुल आन्तरिक ऋण परिचालनको ठुलो रकम साँवा भुक्तानीमा प्रयोग भएकोले खुद आन्तरिक ऋण परिचालन अत्यन्तै न्यून अर्थात् ०.९१ प्रतिशत मात्र रहेको छ। ऋण सेवा (Debt Service) खर्च बढ्दै गएको कारण परिचालित अधिकांश आन्तरिक ऋण, पुरानो ऋण भुक्तानीमा प्रयोग भएको देखिएकोले उक्त ऋण परिचालनबाट पुँजी निर्माण हुने र अर्थतन्त्रको विस्तारमा अपेक्षित योगदान पुग्ने अवस्था देखिएन।

सदस्य



मा. जुद्ध बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

- आयोगले आर्थिक वर्ष २०७५/७६ र सो भन्दा पछिल्ला आर्थिक वर्षमा गरेको सिफारिसमा सङ्घीय सरकारलाई पुँजी निर्माण हुने कार्यमा आन्तरिक ऋणको परिचालन गर्न सुझाव दिदै आएको छ भने प्रदेश र स्थानीय सरकारको हकमा साधारण प्रकृतिका र प्रशासनिक खर्चमा आन्तरिक ऋण परिचालन नगर्न सुझाव दिइएको छ। नेपाल सरकारबाट परिचालित आन्तरिक ऋण कुन कुन क्षेत्रमा परिचालन गरिएको हो भन्ने सम्पूर्ण विवरण उपलब्ध हुन नसक्दा ऋणको उपयोग र सुझाव कार्यान्वयन सम्बन्धी विश्लेषण हुन सकेको छैन।

## ई. समष्टिगत आर्थिक परिसूचकहरु र सार्वजनिक ऋणको अवस्था

**तालिका ४: कुल सार्वजनिक ऋण, कुल गार्हस्थ उत्पादन, आर्थिक वृद्धिदर, राजस्व र निर्यातको अवस्था**

| आर्थिक वर्ष | कुल गाह्रस्थ उत्पादन रु.करोडमा | कुल तिर्न बाँकी सार्वजनिक ऋण रु.करोडमा | कु.गा.उ. (GDP) को प्रतिशतमा | | | | | आर्थिक वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल तिर्न बाँकी ऋण | ऋण सेवा खर्च भुक्तानी | | कुल निर्यात | कुल राजस्व संकलन | |
| | | | | साँवा | ब्याज कमिशन | | | |
| २०७७/७८ | ४२६६३२ | १७३७६३ | ४०.७२ | १.४१ | ०.८१ | ३.२४ | २१.५ | ४.४९ |
| २०७८/७९ | ४८५१६२ | २०१३२९ | ४१.५० | १.५८ | ०.९२ | ४.०२ | २१.४ | ५.२८ |
| २०७९/८० | ५३८१३३ | २३०१५९ | ४२.७७ | २.७८ | १.३५ | २.९४ | १७.९ | २.३१ |
| २०८०/८१ | ५७०४८४ | २४३४०९ | ४२.६७ | ३.९१ | १.४३ | २.७९ | १९.० | ३.५४ |
| २०८१/८२ | ६३७५१६ | २५३६१३ | ३९.७८ | | | | | |

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- नेपालको कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल तिर्नबाँकी सार्वजनिक ऋणको हिस्सा निरन्तर बढिरहेकोमा आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा यो हिस्सा सामान्य घटेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा यो हिस्सा ४०.७२ प्रतिशत रहेकोमा त्यस्तो हिस्सा बढेर आर्थिक वर्ष २०८०/८१ मा ४२.६७ प्रतिशत पुगेको देखिन्छ।

- ऋण सेवा भुक्तानी समेत निरन्तर बढिरहेको देखिन्छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा ऋणको साँवा भुक्तानीको हिस्सा आर्थिक वर्ष २०७७/७८ मा १.४१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ३.९१ प्रतिशत पुगेको देखिन्छ। त्यसै गरी कुल गार्हस्थ उत्पादनको अनुपातमा ऋणको ब्याज, कमिशन वापतको भुक्तानीको हिस्सा आर्थिक वर्ष २०७७/७८ मा ०.८१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा १.४३ प्रतिशत पुगेको देखिन्छ। यसबाट बजेट घाटामा चाप पर्न जाने र पुँजीगत बजेट विनियोजन संकुचन हुने अवस्था चित्रित हुन्छ। सार्वजनिक ऋणको हिस्सा बढेपनि आर्थिक वृद्धिदर र निर्यातको अवस्था कमजोर रहनुका साथै, राजस्वको हिस्सा समेत घट्दै गएकोले सार्वजनिक ऋण परिचालन गर्दा उल्लिखित सूचकहरुमा सकारात्मक प्रभाव पर्ने सुनिश्चितता हुनु आवश्यक देखिन्छ।

सदस्य

मा. जुद्ध बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

| आर्थिक वर्ष | रकम रु. करोडमा | | कु.गा.उ. (GDP) को प्रतिशतमा | | आयोगबाट नेपाल सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा |
|---|---|---|---|---|---|
| | कुल गार्हस्थ उत्पादन | कुल तिर्नबाँकी आन्तरिक ऋण | कुल तिर्न बाँकी आन्तरिक ऋण | परिचालित आन्तरिक ऋण | |
| २०७७/७८ | ४२६६३२ | ८०२९४ | १८.८२ | ५.२५ | ५.५ |
| २०७८/७९ | ४८५१६२ | ९८७४५ | २०.३५ | ४.७८ | ५.५ |
| २०७९/८० | ५३८१३३ | ११२९१० | २०.९८ | ४.७६ | ५.५ |
| २०८०/८१ | ५७०४८४ | ११८०९० | २०.७० | ४.१० | ५.० |

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार नेपाल सरकारले विगत चार वर्षमा आयोगले सिफारिस गरेको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गरेको देखिएता पनि प्रत्येक आर्थिक वर्षमा तिर्न बाँकी कुल आन्तरिक ऋण वृद्धि हुँदै गएको छ।
- कुल तिर्न बाँकी आन्तरिक ऋण आर्थिक वर्ष २०७७/७८ मा रु. ८ सय २ अर्ब रहेकोमा करिब ४७ प्रतिशतले बढेर आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा रु.११ सय ८१ अर्ब पुगेको देखिन्छ।

**तालिका ५: आन्तरिक ऋण निष्काशनको वार्षिक लक्ष्यको अवस्था (रकम रु. करोडमा)**

| विवरण | आर्थिक वर्षमा निष्काशनको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ट्रेजरी बिल्स | ५६०० | ९००० | ९००० | १०५०० | १५००० | ५५०० |
| विकास ऋणपत्र | ७३०० | १०००० | १३००० | १२९५० | १०००० | १७९०० |
| राष्ट्रिय बचतपत्र | ० | ० | ० | ० | ० | ० |
| नागरिक बचतपत्र | ० | ४०० | ४०० | ४०० | ५०० | ५०० |
| वैदेशिक रोजगार बचतपत्र | ० | १०० | १०० | ५० | १०० | १०० |
| **कुल आन्तरिक ऋण** | **१२९००** | **१९५००** | **२२५००** | **२३९००** | **२५६००** | **२४०००** |
| दीर्घकालीन उपकरण | ५७% | ५४% | ६०% | ५६% | ४१% | ८७.०२ |
| अल्पकालीन उपकरण | ४३% | ४६% | ४०% | ४४% | ५९% | २२.९२ |

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार नेपाल सरकारले बार्षिक बजेटमा लिएको अल्पकालीन आन्तरिक ऋणका उपकरणको निष्काशनको लक्ष्य आ.व. २०७९/८० सम्म निरन्तर बढ्दै गएकोमा आ.व २०८०/८१ मा भने घटेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा रु. ५६ अरब ट्रेजरी बिल्स निष्काशनको लक्ष्य रहेको थियो भने आर्थिक वर्ष २०७९/८०मा १ खर्ब ५० अर्ब पुगेकोमा पछिल्लो आ.व.२०८०/८१ मा पूनः घटेर रु.५५ अरबमा आइपुगेको देखिन्छ। आ.व २०८०/८१मा दीर्घकालीन उपकरण निष्काशनको लक्ष्य आ.व. २०७९/८० मा ४१ प्रतिशतमा रहेकोमा बढेर ८७.०२ प्रतिशतमा पुगेको देखिन्छ र अल्पकालीन उपकरण निष्काशनको लक्ष्य घटेर ५९ प्रतिशतबाट २२.९२ प्रतिशत झरेको देखिन्छ।



सदस्य

मा. जुध्द बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

- यसबाट सरकारले चालु प्रकृतिका कार्यहरुमा उपयोग गर्नेगरी आन्तरिक ऋण परिचालनको लक्ष्य घटाउने शुरुवात गरेको देख्न सकिने हुँदा अल्पकालीन ऋण उपकरणको प्रयोगलाई निश्चित सीमाभित्र राखु राख्ने प्रयासलाई उपयुक्त मान्न सकिन्छ।

तालिका ६: कुल आन्तरिक ऋण परिचालनको संरचनागत अवस्था (रकम रु. करोडमा)

| विवरण | आर्थिक वर्षमा परिचालित कुल आन्तरिक ऋण | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ट्रेजरी बिल्स | २६४३.५ | ९३०० | ९००० | १०३९१.६६ | १५३६१ | ५५०० |
| विकास ऋणपत्र | ६९९४.७ | १०००० | १३००० | १२४५० | १०००० | १७९०० |
| राष्ट्रिय बचतपत्र | ० | ० | ० | ० | ० | - |
| नागरिक बचतपत्र | ० | १६०.५२ | ३९५.३९ | २८२.९८ | २३६.१३ | ३६.९८ |
| वैदेशिक रोजगार बचतपत्र | ० | ३.७१२ | ५.५२२ | ५.६६८ | २.६४ | ५.१६ |
| कुल आन्तरिक ऋण | ९६३८.२ | १९४६४.२३ | २२४००.९१ | २३१३०.३१ | २५५९९.८ | २३४४२.१४ |
| दीर्घकालीन उपकरण | ७२.५७% | ५२.२२% | ५९.८२% | ५५.०७% | ४०.००% | ७६.५० |
| अल्पकालीन उपकरण | २७.४३% | ४७.७८% | ४०.१८% | ४४.९३% | ६०.००% | २३.५० |

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार कुल आन्तरिक ऋण परिचालन उल्लेख्य मात्रामा बढेको तर दीर्घकालीन उपकरणको बिगत आर्थिक वर्षहरुमा प्रयोग क्रमश: घट्दै गएकोमा आ.व २०८०/८१मा बढेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा कुल परिचालित आन्तरिक ऋण रु. ९६ अरब ३८ करोड रहेकोमा १६५.६ प्रतिशत ले बढेर आर्थिक वर्ष २०७९/८० को अन्तमा रु.२खर्ब ५५अर्ब ९९ करोड पुगेको देखिन्छ भने आ.व २०८०/८१ मा पून: रु.२ खर्ब ३४ अर्ब ४२ करोडमा झरेको देखिन्छ।

- साथै, आर्थिक वर्ष २०७५/७६ मा कुल परिचालित आन्तरिक ऋणमा दीर्घकालीन उपकरणको हिस्सा ७२.५७ प्रतिशत रहेकोमा क्रमश: घटेर आर्थिक वर्ष २०७९/८० मा ४०.०० प्रतिशत र आ.व.२०८०/८१मा बढेर ७६.५० प्रतिशतमा पुगेको देखिन्छ। सरकारले आन्तरिक ऋण परिचालन गर्दा सकेसम्म दिर्घकालिन उपकरणको उपयोग बढी गर्ने गरी नीतिगत व्यवस्था गरी सो बमोजिम नै उपकरण परिचालन गरेको विषय राम्रो भएको देखिन्छ।

तालिका ७: वार्षिक आन्तरिक ऋणको सावाँ फिर्ताको विवरण (रकम रु. करोडमा)

| विवरण | आर्थिक वर्षमा सावाँ फिर्ता गरिएको आन्तरिक ऋण | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ट्रेजरी बिल्स | २४४९ | २४५७.४८ | २५६२.६६ | २९०० | ५०३०.२५ | १०९१२.३३ |
| विकास ऋणपत्र | ८५० | ७४० | ६०० | १८०० | ६४०० | ७३.५० |
| राष्ट्रिय बचतपत्र | ९०.६५ | ० | ० | ० | ० | - |
| नागरिक बचतपत्र | ३४.०२ | २३३.९४ | ५०० | २८.५७ | ७५.११ | - |
| वैदेशिक रोजगार बचतपत्र | ७.६४ | ८.३७ | २७.४५ | ५.२१ | ४.१२ | - |
| कुल भुक्तानी | ३४३१.३ | ३४३९.८ | ३६९०.१ | ४७३३.८ | ११५०९.५ | १८२६२.३३ |
| दीर्घकालीन उपकरण | २९% | २९% | ३१% | ३९% | ५६% | ४०.२५ |
| अल्पकालीन उपकरण | ७१% | ७१% | ६९% | ६१% | ४४% | ५९.७५ |



सदस्य

मा. जुध्द बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार नेपाल सरकारको ऋण भुक्तानी निरन्तर बढ्दो क्रममा रहेको छ । आर्थिक वर्ष २०७५/७६ मा कुल सावाँ फिर्ताको कुल भुक्तानी रु. ३४ अर्ब ३१ करोड रहेकोमा ४३२ प्रतिशतले बढेर आर्थिक वर्ष २०८०/८१ को अन्तमा रु. १ खर्ब ८२ अरब ६२ करोड पुगेको देखिन्छ।
- साथै, सरकारले दीर्घकालीन ऋणको भुक्तानी, सम्झौता अनुसार गर्नैपर्ने भएकोले सोको भुक्तानी गरेको कारणले दीर्घकालीन ऋणको सावाँ फिर्ता वृद्धि हुँदै गएको तर अल्पकालीन आन्तरिक ऋणको भुक्तानी गर्नुका साटो मल्टिपल रोलओभर गरिरहेको कारणले अल्पकालीन ऋणको हिस्सा बढेपनि सावाँ भुक्तानीको हिस्सा घटिरहेको सन्दर्भमा आ.व. २०८०/८१मा भने अल्पकालिन उपकरणको साँवा फिर्ताको हिस्सा बढेको देखिन्छ। यसै गरी सरकारले नियमित रुपमा अल्पकालीन ऋणको सावाँ भुक्तानी गर्ने र संसदीय नियन्त्रणमा रहेर मात्र ट्रेजरी बिलसको रोलओभर गर्नुपर्दछ।

तालिका ८: आन्तरिक ऋणको ब्याज तथा कमिसन भुक्तानीको वार्षिक विवरण (रकम रु. करोडमा)

| विवरण | आर्थिक वर्ष अनुसार ब्याज र कमिसन भुक्तानी (ऋण सेवा खर्च) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ट्रेजरी बिल्स | ५०३.८३ | ५२०.८० | ५८५.७१ | १०७२.१८ | २८१३.३९ | २७३२.१२ |
| विकास ऋणपत्र | १००५.८३ | १४३१.५० | २१८०.४३ | २६२३.३६ | ३५८४.९० | ४४२२.३५ |
| राष्ट्रिय बचतपत्र | ३.७३ | ० | ० | ० | ० | - |
| नागरिक बचतपत्र | ६९.८२ | ६७.७८ | ६३.५२ | ५९.१० | ८५.५१ | १०७.०६ |
| वैदेशिक रोजगार बचतपत्र | ४.५१ | ४.१७ | ३.७७ | १.८५ | १.९० | १.९६ |
| कमिशन | | | | | | १३.३० |
| कुल खर्च | १५८७.७२ | २०२४.२५ | २८३३.४३ | ३७५६.४९ | ६४८५.७ | ७२७६.७९ |
| दीर्घकालीन उपकरण | ६८.२७% | ७४.२७% | ७९.३३% | ७१.४६% | ५६.६२% | ६२.४५ |
| अल्पकालीन उपकरण | ३१.७३% | २५.७३% | २०.६७% | २८.५४% | ४३.३८% | ३७.५५ |

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार नेपाल सरकारको ऋण सेवा खर्च निरन्तर बढिरहेको छ। आर्थिक वर्ष २०७५/७६ मा कुल आन्तरिक ऋण तर्फ रु.१५ अर्ब ८७ करोड ब्याज तथा कमिशन भुक्तानी गरिएकोमा क्रमशः बढेर आर्थिक वर्ष २०८०/८१मा ७२ अरब ७६ करोड पुगेको देखिन्छ। नेपाल सरकारले आन्तरिक राजस्वबाट ऋण सेवा खर्च धान्न सक्ने कुराको सुनिश्चितता दिने तर्फ ध्यान दिनुपर्दछ।

तालिका ९: तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्वको विवरण (रकम रु. करोडमा)

| विवरण | आर्थिक वर्ष अनुसार कुल तिर्न बाँकी आन्तरिक ऋण दायित्व | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ट्रेजरी बिल्स | १४६७९.२९ | २१५२१.८१ | २७९५९.१५ | ३५५८४.०५ | ४५७८१.५६ | ४०३६९.२३ |
| विकास ऋणपत्र | २९७३४.७० | ३८९९४.७० | ५१३९४.७० | ६२०४४.७० | ६५६४४.७० | ७६१९४.७० |
| राष्ट्रिय बचतपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| नागरिक बचतपत्र | ८३७.६२ | ७६४.२० | ६५९.५९ | ९१४.०० | १०७५.०२ | १११२.०० |
| वैदेशिक रोजगार | ४५.१५ | ४०.५० | १८.५७ | १९.०२ | १७.५४ | २२.७१ |



मा. पुष्प बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बचतपत्र | | | | | | |
| IMF मूल्य समायोजन | २६.२८ | ५२.३४ | २६२.१६ | १८३.१६ | ३९१.५५ | ३९१.५५ |
| **कुल परिचालन** | **४५३२३.०४** | **६१३७३.५५** | **८०२९४.१७** | **९८७४४.९३** | **११२९१०.३७** | **११८०९०.१८** |
| दीर्घकालीन उपकरण | ६७.६१% | ६४.९३% | ६५.१८% | ६३.९६% | ५९.४५% | ६५.८१ |
| अल्पकालीन उपकरण | ३२.३९% | ३५.०७% | ३४.८२% | ३६.०४% | ४०.५५% | ३४.१९ |

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्व निरन्तर बढ्दै गएको देखिन्छ उक्त ऋण दायित्वमा आ.व. २०७९/८० सम्म अल्पकालीन ऋणको हिस्सा क्रमशः बढ्दै गएकोमा आ.व २०८०/८१ मा भने उक्त हिस्सा ३४.१९ प्रतिशतमा घटेको देखिन्छ। आयोगले दिएको सुझाव अनुसार अल्पकालीन उपकरण घटेको र दीर्घकालीन ऋणको परिचालन बढेको कुरालाई निरन्तरता दिनु अपेक्षित रहेको छ।
- कुल आन्तरिक ऋणमा गत आर्थिक वर्ष २०७९/८० भन्दा ट्रेजरी बिलको रकम घटेको र विकास ऋणपत्रको रकम बढेको छ। यसले कुल आन्तरिक ऋणमा ट्रेजरी बिलको अंश घटेको देखिन्छ । ट्रेजरी बिल र विकास ऋण पत्र लक्ष्य अनुसार प्राप्त गर्न सकिए ता पनि बैदेशिक रोजगार बचत पत्र तथा नागरीक बचतपत्र लक्ष्य अनुसार परिचालन हुन नसकेको सम्बन्धमा नागरीकहरुलाई सुसुचित गरी उक्त ऋण उपकरणहरुमा सर्व साधारणलाई आकर्षित गर्नु पर्दछ।

**तालिका १०: नगर विकास कोषबाट परिचालित ऋण दायित्वको क्षेत्रगत विवरण (रकम रु. लाखमा)**

| आर्थिक वर्ष | शहरी पूर्वाधार | | खानेपानी आयोजना | | यातायात पूर्वाधार | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | लगानी | उठ्न बाँकी | लगानी | उठ्न बाँकी | लगानी | उठ्न बाँकी | लगानी | उठ्न बाँकी |
| २०७७/७८ | ४६४१०.२२ | ३५५६७.६९ | ६११२३.८८ | ५४४९१.८३ | ५५७.९१ | ४४१.८९ | १०८०९२.०१ | ९०५०१.४१ |
| २०७८/७९ | ४८७१५.०६ | ३६४८५.५५ | ६३७५६.०७ | ६०२३७.८७ | ५५७.९१ | ४४१.८९ | ११३०२९.०४ | ९७१६५.३१ |
| २०७९/८० | ४८६२९.३९ | ३८०५२.८३ | ७०२०९.०८ | ६४६३१.८५ | ५५७.९१ | ४४१.८९ | ११९३९६.३८ | १०३१२६.५७ |
| २०८०/८१ | ५११४७.४६ | ३९६७७.०७ | ७५०३८.४६ | ६७५२४.१३ | ५५७.९१ | ४४१.८९ | १२६७४३.८३ | १०७६४३.०९ |
| २०८१/८२ | ५२१७८.३३ | ३९८६२.९९ | ७६००९.४९ | ६७४२३.५९ | ५५७.९१ | ४४१.८९ | १२८७४५.७३ | १०७७२८.४७ |

*नोट: आर्थिक वर्ष २०८१/८२ को फाल्गुण मसान्त सम्मको विवरण समावेश छ । स्रोत: नगर विकास कोष*

- आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा स्थानीय तहको सिफारिस खण्डमा स्थानीय तहको पूर्वाधार निर्माणमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ नेपाल सरकारले गठन गरेको नगर विकास कोष लगायतका विशिष्टीकृत संस्थाले गर्ने ऋण लगानीको हकमा सिफारिस गरिएको सीमा लागू नहुने उल्लेख गरिएको थियो।
- आर्थिक वर्ष २०७८/७९, २०७९/८० र २०८०/८१ को सिफारिसमा नगर विकास कोष जस्ता संस्थामार्फत प्रवाह हुने ऋण समेतलाई आयोगले सिफारिस गरेको सम्बन्धित तहको आन्तरिक ऋणको सीमाभित्र राख्नुपर्ने भनी सुझाव दिइएको छ। नगर विकास कोषबाट प्रदान गरिएको ऋणको विवरण उपलब्ध भएपनि स्थानीय सरकारहरुको ऋण र राजस्वको विवरण पूर्ण रुपमा प्राप्त नहुँदा यस सम्बन्धी विश्लेषण हुन सकेको छैन।

**तालिका ११: नेपाल सरकारको राजस्व, चालु खर्च र ब्याज कमिसन भुक्तानीको अवस्था (रकम रु. लाखमा)**

| आर्थिक वर्ष | राजस्व परिचालन | चालु खर्च | राजस्व र चालु खर्चको फरक | आन्तरिक ऋणको साावाँ भुक्तानी | आन्तरिक ऋणको ब्याज कमिसन भुक्तानी |
|---|---|---|---|---|---|
| २०७८/७९ | ९८६७८३४ | ९३७६८४० | ४९०९९४ | ४७३३८० | ३७५६४९ |



मा. सुध्द बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| २०७९/८० | ८८७३६२१ | ९८७३२५५ | -९९९६३४ | ११५०९५० | ६४८५७० |
| २०८०/८१ | ९२९०४७७ | ९२९१२६४ | -७८७ | १८२६२३० | ७३७६८० |

स्रोतः महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

- नेपाल सरकारको चालु खर्च निरन्तर बढिरहेको तर चालु खर्च वृद्धिको अनुपातमा राजस्व संकलन वृद्धि हुन सकेको देखिंदैन। माथिको तालिका उल्लिखित अनुसार आर्थिक वर्षहरुमा सङ्घीय सरकारको राजस्व आम्दानी भन्दा आन्तरिक ऋणको वित्तीय व्यवस्थापन खर्च र चालु खर्चको योगफल बढी देखिएकोले सरकारले चालु खर्चमा सुझबुझपूर्ण मितव्ययिता अपनाउनुका साथै, राजस्वको दायरा विस्तार गरी कुशल राजस्व व्यवस्थापन एवं प्रशासनिक सुधार मार्फत राजस्व संकलनमा उल्लेख्य वृद्धि गर्नुपर्दछ।

## घ. आर्थिक वर्ष २०८२/८३ को लागि आन्तरिक ऋणको सीमा सिफारिस

सार्वजनिक ऋण सम्बन्धी विभिन्न मुलुकको अभ्यास, अन्तर्राष्ट्रिय संस्थाहरुले न्यून आय भएका मुलुक र नेपालको सार्वजनिक ऋणको सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनका विषयहरु, नेपालको विगतको अभ्यास र अनुभव एवं समष्टिगत अर्थतन्त्रका सम्बन्धमा माथि प्रस्तुत तथ्याङ्क र विवरण समेतका आधारमा आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा देहाय बमोजिम निर्धारण गरी सिफारिस गरिएको छः

### १. नेपाल सरकार

नेपालको समष्टिगत आर्थिक स्थिति, राजस्व र खर्चको अनुमान र बजार सहजता समेतको विश्लेषण गरी नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३का लागि अनुमानित कुल गार्हस्थ उत्पादनको पाँच(५) प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost benefit Analysis ) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका साथै, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजनाका लागि आन्तरिक ऋण उठाउन सक्नेछ। साथै, उक्त आयोजना/परियोजना कार्यान्वयनका लागि रकम नपुग भएमा आयोगले देहायको प्रकरण २ र ३ अनुसार प्रदेश र स्थानीय सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा मध्ये प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्म, कुल गार्हस्थ उत्पादनको शुन्य दशमलव पाँच (०.५) प्रतिशतले नबढ्ने गरी थप आन्तरिक ऋण परिचालन गर्न सक्नेछ।

### २. प्रदेश सरकार

प्रदेश सरकारहरुले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रकृयागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र(१२) प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय र प्रादेशिक नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट अन्तरिम प्रतिफल दर (Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्नेछन्।



सदस्य

मा. जुद्ध बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

## ३. स्थानीय सरकार

स्थानीय सरकारहरुले आन्तरिक ऋण परिचालनको संरचना र प्रकृयागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२/८३मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र(१२) प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर(Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आन्तरिक ऋण उठाउन सक्नेछन्।

## ङ. आन्तरिक ऋण उठाउने सीमा सम्बन्धमा आयोगका सुझावहरू

आन्तरिक ऋणको परिचालनको सन्दर्भमा आयोगको तर्फबाट निम्न बमोजिमका सुझावहरू दिइएको छ:

क. आयोजनाहरुको लागत लाभ विश्लेषण (C/B Analysis), खुद वर्तमान मूल्य (NPV) र आन्तरकि प्रतिफल दरको विश्लेषण गरी प्रचलित पुँजीको लागत भन्दा वित्तीय आन्तरिक प्रतिफल दर (Financil internal rate of return- FIRR) बढि भएका नाफामूलक (Bankable) आयोजना र आर्थिक आन्तरिक प्रतिफलदर (Economic internal rate of return-EIRR) बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्ने।

ख. ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजनाको पहिचान, विकास र छनौट गर्दा अन्य विषयका अतिरिक्त आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्ने र उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माण हुने खालका पूर्व तयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्ने।

ग. आन्तरिक ऋण परिचालनको लागि आवश्यक सम्पूर्ण पूर्वाधार तथा संरचनाहरु विकास भइसकेको अवस्थामा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा उल्लेख भए बमोजिम नेपाल सरकारको स्वीकृति प्राप्त भएपछि मात्र प्रदेश र स्थानीय सरकारहरुले आन्तरिक ऋणलाई बजेटमा स्रोतको रुपमा उल्लेख गर्ने र तीन वटै तहका सरकारहरुले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य रुपमा आन्तरिक ऋण उल्लेख गर्ने।

घ. नेपाल राष्ट्र बैंकले तीन तहका सरकारलाई उपलब्ध गराएको तर एक वर्ष भित्र फरफारक हुन नसकेको अधिविकर्ष कर्जा (Overdraft loan), स्थानीय शहरी पूर्वाधारका क्षेत्रमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ स्थापना भएका नगर विकास कोष जस्ता विशिष्टीकृत वित्तीय मध्यस्थकर्ता संस्था र अन्य कानुन बमोजिम सार्वजनिक दायित्व सिर्जना हुनेगरी वा सरकार जमानत/प्रतिजमानत बसी प्रवाह गरिने जुनसुकै प्रकृतिका ऋणहरु समेतलाई आयोगले सिफारिस गरेको सम्बन्धित सङ्घीय इकाईको आन्तरिक ऋणको सीमाभित्र व्यवस्थित गर्ने।

ङ. सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले तीनवटै तहबाट परिचालित आन्तरिक ऋण र समग्र सार्वजनिक ऋणको एकीकृत विद्युतीय सूचना व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको व्यवस्था मिलाउने, त्यस्तो प्रणालीमाथि आयोगको समेत पहुँच रहने गरी सुविधा प्रदान गर्ने।



सदस्य

मा. बुद्ध बहादुर गुरुङ
कार्यवाहक अध्यक्ष

च. आन्तरिक ऋणको उपयोग रोजगारीको अवसर सिर्जना गर्न सक्ने, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पुँजी निर्माणमा योगदान गर्न सक्ने आयोजनाहरुका लागि बिनियोजन गर्ने । चालु र प्रशासनिक खर्चमा कडाईका साथ निषेध गर्ने।

छ. आन्तरिक ऋणको अल्पकालीन उपकरण प्रयोग गरी उठाइने सार्वजनिक ऋण बजारमा ब्याजदर न्यून भएको समयमा उठाउने व्यवस्था मिलाउने र अल्पकालीन ऋण उपकरणको नवीकरणलाई समेत नयाँ ऋणको रुपमा बजेट प्रस्तावमा समावेश गरी संसदबाट अनुमोदन गरेरमात्र परिचालन, लेखांकन र प्रतिवेदन गर्ने ।

ज. तीनवटै तहका सरकारहरुबाट राजस्व र व्ययको अनुमान सभामा पेश भएपछिको विवरण र हरेक आर्थिक वर्षको अन्तिमसम्मको आन्तरिक ऋण परिचालनको अनुमानित र वास्तविक रकमको विवरण क्षेत्रगत, आयोजनागत, शीर्षकगत र स्रोतगत रुपमा खुलाई वार्षिक रुपमा यस आयोगमा उपलब्ध गराउने व्यवस्था मिलाउने।

झ. आन्तरिक ऋण परिचालनलाई भविष्यको राजस्व वर्तमानमा खर्च गरे सरह मानिने भएकोले आन्तरिक आम्दानीबाट आन्तरिक ऋणको सावाँ ब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्न तीन तहका सरकारले सिफारिस भएको सीमा बमोजिमको आन्तरिक ऋण परिचालन र राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

सदस्य

मा. जुध्द बहादुर गुरुङ
कार्यबाहक अध्यक्ष